खोजी गरिरहेका उत्तर कोरियाली सैनिकलाई चेतावनी दिन दक्षिण कोरियाली सेनाले गोली चलाएको छ। स्थानीय समायानुसार बिहीबार बिहान ८ बजेलगत्तै उत्तर कोरियाका एक सैनिक दक्षिण कोरियातर्फ लागेका थिए।

बाक्लो कुहिरोका बीच ती सैनिक दक्षिण कोरिया प्रवेश गर्न सफल भएका थिए। उत्तर कोरियाली सैनिकले सीमा क्षेत्रको मध्य भाग पार गरेपछि तत्काल उत्तर कोरियाली फौज सीमा क्षेत्रमा पुगेका थिए। उत्तरका सैनिकलाई तर्साउन दक्षिण कोरियाली सीमारक्षकले २० राउन्ड गोली प्रहार गरेका थिए। भागेका घाइते भएका थिए। दक्षिण कोरियाका सुरक्षाकर्मीले गोली चलाएलगत्तै उत्तर कोरियाका सुरक्षाकर्मीले समेत गोली चलाएको दक्षिण कोरियाका सुरक्षाकर्मीले जानकारी दिएका छन्। गोली दुवै पक्षले चलाए पनि दुवै क्षेत्र हाल संयमित भएको बताइएको छ।

उत्तर र दक्षिण कोरियाको सीमा क्षेत्रलाई विश्वकै कडा सुरक्षा क्षेत्रको रूपमा व्याख्या गरिन्छ। भगौडा सैनिकले सीमा क्षेत्र पार गरेको घटना यो पहिलो भने होइन। यसअघि समेत उत्तर कोरियाका सैनिकले भाग्ने क्रममा उक्त सीमा क्षेत्र पार गरेका थिए।

# यौनकाण्ड पछि डेमियनको राजीनामा



डेमियन ग्रिन

**लन्डन** : यौनकाण्डको आरोपमा बेलायतका उपप्रधानमन्त्री डेमियन ग्रिनले पदबाट राजीनामा दिएका छन्। यौन दुर्व्यवहार गरेको भनी गरिएको छानबिनमा दोषी पाइएपछि उनले राजीनामा दिएका हुन्।

डेमियन बेलायतकी प्रधानमन्त्री टेरेसा मेका निकटस्थ मानिन्छन्। उनका क्रियाकलाप व्यभिचारपूर्ण भएको भन्दै केही वर्षदेखि अनुसन्धान गरिएको थियो। उनलाई उक्त अनुसन्धानले दोषी ठहर गर्दै बर्खास्त गर्नुपर्ने सुझाव दिएको थियो। उनको राजीनामा प्रधानमन्त्री मेले बिहीबार नै स्वीकृत गरेकी छन्।

उनले आफ्नो राजनीतिक दलकी सहकर्मी महिलालाई दुर्व्यवहार गरेको र अश्लील दृश्य कम्प्युटरमा पठाएको आरोप लागेको थियो। सन् २००८ मा भएको भनिएको यस घटनामा उनीमाथि अनुसन्धान भएको थियो। उनको कम्प्युटरमा पाइएका यस्ता अश्लील सामग्रीबाट यो प्रमाणित भएको थियो। डेमियनले ती सामग्रीबारेमा झूटो जानकारी दिएको अनुसन्धानको निष्कर्ष थियो। अश्लील सामग्रीका अतिरिक्त उनले आफ्नै दल कन्जरभेटिभकी एक महिलालाई दुर्व्यवहार गरेको दाबी गरिएको थियो। त्यसबारेमा पनि उनीमाथि अनुसन्धान भइरहेको थियो। –एजेन्सी


## माथागढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### झडेवा, पाल्पा
### ५ नं. प्रदेश, नेपाल

## IT Officer सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०७४/०९/०७)**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), कार्यक्रम समन्वय इकाई, सिंहदरबार, काठमाण्डौंको प.स. ०७४/७५, च.नं. १२७, मिति २०७४/०७/१७ गतेको सूचना प्रविधि अधिकृतको सेवा करार मालिने सम्बन्धी पत्रानुसार यस गाउँपालिकाको लागि देहाय बमोजिमको शर्तहरुको अधीनमा रही **सूचना प्रविधि अधिकृत (IT Officer)** सेवा करार मालिनु पर्ने भएकोले इच्छुक उम्मेदवारले यस गाउँ कार्यपालिकाको कार्यालयमा रीतपुर्वक दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

१. **आवेदन दिने अन्तिम मिति** :- यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र (सार्वजनिक विदा पर्न गएमा अन्तिम दिनको भोलीपल्ट समेत)

२. **शैक्षिक योग्यता** :- लोक सेवा आयोगद्धारा लिइने कम्प्युटर अधिकृत पदको न्युनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc. IT, BSc.CSIT) को उपाधि हासिल गरेको।

३. **सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण** (TOR): २०७४/०३/२८ गतेको स्वीकृत सचिव स्तरीय निर्णयमा उल्लेख भए बमोजिम हुनेछ। यस सम्वन्धमा विस्तृत जानकारीको लागि **mofald.gov.np** मा गई कार्तिक २२ गतेको सूचना हेर्न सकिनेछ।

४. **संलग्न गर्नुपर्ने कागजातहरु** :- व्यक्तिगत विवरण (Bio-Data),नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभवका प्रमाणपत्रहरु।

५. **आवेदन दिने तरिका** :- बुँदा नं. ४ मा उल्लेख भएका कागजातहरु एवं बुँदा नं. ६ मा तोकिएको शुल्क राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, तानसेन, पाल्पा स्थित यस कार्यालयको नाममा रहेको मूल संचितकोष खाता नं. ३०३०३०४०१८१०५ मा जम्मा गरी जम्मा भएको भौचर संलग्न राखी हुलाक, इमेल वा स्वयम् उपस्थित भई आवेदन दिने।

६. **आवेदन शुल्क** :- रू. १०००/- (एक हजार रुपैयाँमात्र)

७. **उम्मेदवार छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् :-**

| क्र.स. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १. | शैक्षिक योग्यता | ३० |
| २. | कार्य अनुभव (सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात्) | ४० |
| ३. | उम्मेदवारको स्थायी ठेगाना | २० |
| ४. | २ वर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunter वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको | १० |

८. **तलब स्केल** :- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) ले तोके बमोजिम बेसिक तलब रु ४००००।- र थप दुर्गम भत्ता रु २५००।- हुनेछ।

९. **करार अवधि** :- २०७५ असार मसान्त सम्म हुनेछ।

१०. **थप जानकारीको लागि ठेगाना**: ९८५७०६८५६८, ९८५७०६२७४२
mathagadhimun@gmail.com, nepalid10@gmail.com

११. सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**